33

# नेपाल राजपत्र

## भाग १


श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३२) काठमाडौं, साउन १९ गते २०३९ साल (अतिरिक्ताङ्क १७


# शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवबाट २०३९ साल श्रावण १९ गते जनगणतन्त्र चीन सरकारको मैत्रीपूर्ण निमन्त्रणामा गरिबक्सेको चीन भ्रमणबाट स्वदेश फिरी बक्सेपछि देशवासीका नाममा बक्सेको सन्देश।

प्यारा देशवासीहरू,

मित्रराष्ट्र चीनको भ्रमणपछि आज हामी त्यहाँका जनता र सरकारको नेपाल र नेपालीप्रतिको अभिवादन र सद्भावना लिएर स्वदेश फर्केका छौं।

वर्तमान संसारको बदलिंदो र जटिल हुँदै गएको परिस्थितिलाई हेर्दा नेपालले यसबखत आफ्ना छरछिमेकका मित्रराष्ट्रहरूसंगको समझदारी र सुमधुर सम्बन्धलाई बलियो बनाउँदै शान्ति र विकासको बाटोमा अग्रसर हुँदै जानु परेको छ। मित्रराष्ट्र चीनको मित्रता, समझदारी र सहयोगबाट विगत वर्षहरूमा नेपाललाई सघाउ पुर्‍याएको छ। पञ्चशीलको सिद्धान्तमा आधारित हाम्रो चीनसंगको सम्पर्क र समझदारी यस भ्रमणबाट पनि सकारात्मक रूपले बढी खँदिलो हुँदै गएको छ भन्ने कुरामा हामी विश्वस्त छौं।


आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हाम्रो अनुपस्थितिमा हामीबाट गरिबक्सने कामको अभिभारा सम्हाल्ने हाम्रा भाइ श्री ५ अधिराजकुमार ज्ञानेन्द्र वीर विक्रम शाह तथा राजप्रतिनिधि परिषद्का सदस्यहरूलाई हामी धन्यवाद दिन चाहन्छौं । त्यस्तै मन्त्रिपरिषद् र अन्य सबै राष्ट्रसेवकलाई पनि ऐन कानूनबमोजिम देशको दैनिक प्रशासन चलाएकोमा हामी धन्यवाद दिन चाहन्छौं । अन्तमा, हाम्रा प्यारा देशबासीले स्वदेशको वृहत् हितलाई हृदयंगम गरी दर्शाएको अनुशासन र लगनशीलताको निम्ति पनि हामी धन्यवाद ज्ञापन गर्न चाहन्छौं ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् !

जय नेपाल !

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

२५८

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार